# टोखा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

पत्र संख्या :- ०७५/०७६
चलानी नं :- ५०८६

मैजुहिटी, काठमाडौं
३ नं प्रदेश, नेपाल

मिति : २०७६/०३/१८

विषय : **प्राकृतिक स्रोतको उत्खनन संकलन नगर्ने नगराउने सम्बन्धमा ।**

श्री वडा कार्यालयहरु (सवै),
टोखा नगरपालिका ।

उपरोक्त सम्बन्धमा जिल्ला समन्वय समिति, काठमाडौंको मिति २०७६।०३।१२, च.नं. ११९५ को पत्र यसै साथ संलग्न गरी पठाईएको छ । सो पत्रमा उल्लेखित व्यहोरा वमोजिम वडा क्षेत्र भित्रका नदी, खोला, खहरे, खोल्सा लगायतका क्षेत्र वाट वर्षादको समयमा ढुंगा, गिटी, वालुवा, ग्राभेल उत्खनन तथा संकलन गर्ने कार्य नगर्न, नगराउन साथै सो सम्बन्धमा कडाईका साथ अनुगमन गर्ने व्यवस्था मिलाउनु हुन अनुरोध छ ।

.....२०७६।३।१८
अनिल प्रसाद जोशी
अधिकृत (सातौं)

वोधार्थ :
श्री सूचना प्रविधि शाखा : सूचना कार्यालयको Website मा राखिदिने व्यवस्था मिलाउन हुन ।

# जिल्ला समन्वय समितिको कार्यालय

०१-४२५४१०४
०१-४२५४१०६
०१-४२५४६९७
Fax: ४२५३९९६

पत्र संख्या :- २०७५/०७६
चलानी नं.:- ११९५

बबरमहल, काठमाडौं
३ नं. प्रदेश, नेपाल।


टोखा नगरपालिका
दर्ता नं.: ८६०
मिति: २०७६।०४।१८

मिति : २०७६/०३/१२

विषय:- प्राकृतिक स्रोतको उत्खनन संकलन नगर्ने नगराउने सम्वन्धमा।

श्री काठमाडौं महानगरपालिका
श्री शंखरापुर नगरपालिका
श्री कागेश्वरी मनोहरा नगरपालिका
श्री गोकर्णेश्वर नगरपालिका
श्री बूढानीलकण्ठ नगरपालिका
श्री टोखा नगरपालिका
श्री तारकेश्वर नगरपालिका
श्री नागार्जुन नगरपालिका
श्री चन्द्रागिरी नगरपालिका
श्री दक्षिणकाली नगरपालिका
श्री कीर्तिपुर नगरपालिका
नगरकार्यपालिकाको कार्यालय, काठमाडौं।

प्रस्तुत विषयमा ३ नं. प्रदेश सरकार, मन्त्रीपरिषद्बाट मिति २०७५/०७/३० मा स्वीकृत भएको नदीजन्य पदार्थ (संकलन र उपयोग) कार्यविधि, २०७५ को दफा ९ मा भएको व्यवस्था अनुसार वर्षादको समय (असार, श्रावण, भाद्र) मा नदी, खोला, खहरे, खोल्सा लगायतका क्षेत्रहरुबाट ढुंगा, गिट्टी, वालुवा, ग्राभेल झिक्न, थुपार्न वा निकासी गर्न नपाईने भन्ने व्यवस्था भएकोले सो अवधि भित्र उत्खनन, संकलन गर्ने कार्य नगर्न, नगराउने व्यवस्था हुन सवै वडा कार्यालयहरु र अन्य सम्वद्ध सवै पक्षहरुसमेतलाई तहाँबाट आवश्यक निर्देशनको लागि अनुरोध छ।

साथै यस वर्षको मनसुन समेत शुरु भईसकेको छ। मनसुनको समयमा पहिरो तथा आकस्मिक वाढीको उच्च जोखिम रहने हुँदा सो समेतलाई मध्यनजर गरी संभावित विपद् जोखिमको अवस्था आउन नदिनेतर्फ समेत विशेष ध्यान दिई यस अवधिमा प्राकृतिक स्रोतको उत्खनन तथा संकलन गर्दा वस्ती तथा खेतीयोग्य जमिन समेत उच्च जोखिम रहने हुंदा यसका लागि विशेष सतकर्ता अपनाई यस्ता कार्यहरु तत्काल नगर्न कडाईका साथ अनुगमन गर्ने एवं कुनै खोला वा नदी विशेषको परिस्थितिलाई (नदीजन्य पदार्थ तत्काल नहटाउँदा धन जन र वातावरणमा क्षति पुग्न सक्ने स्थिति भएमा) अध्ययन गरी प्राविधिक समितिको सिफारिस सहित जिल्ला समन्वय समितिमा सहमतिको लागि लेखी पठाउन समेत अनुरोध छ।

(पीताम्बर अधिकारी)
जिल्ला समन्वय अधिकारी